# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ३३७ | बुटवल | २०८२ पौष ०२ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday December 17, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१


# १६औँ औद्योगिक प्रदर्शनीको तयारी पूरा

**५ सय स्टल रहने प्रदर्शनी करिब ८ लाख दर्शकले अवलोकन गर्ने र २० करोड रुपैयाँ बराबरको कारोबार हुने संघको अनुमान छ ।**




**लुम्बिनी संवाददाता**
*बुटवल*

रुपन्देही उद्योग संघको आयोजना तथा बुटवल उपमहानगरपालिका र नेपाल उद्योग परिसंघको संरक्षकत्वमा आज पौष ३ गतेदेखि बुटवलमा १६औं राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सव सुरु हुँदैछ । बुटवलस्थित अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्रमा पुस १७ गतेसम्म चल्ने प्रदर्शनीमा करिब ५०० स्टल रहने र करिब ८ लाख दर्शकले अवलोकन गर्ने र २० करोड रुपैयाँ बराबरको कारोबार हुने संघका अध्यक्ष कृष्ण पराजुलीले मंगलबार पत्रकार सम्मेलनमा बताए । संघले २०४५ सालमा नेपालमै पहिलो पटक र २०५३ सालदेखि निरन्तर औद्योगिक प्रदर्शनी आयोजना गर्दै आइरहेको चर्चा गर्दै पराजुलीले प्रदर्शनीमा स्वदेशी उत्पादन, नयाँ प्रविधि, पर्यटन तथा कृषि उत्पादनसँग सम्बन्धित वस्तुहरुका लागि छुट्टाछुट्टै १० वटा पेभिलियन हुने बताए ।

प्रदर्शनीमा नेपाल उद्योग परिसंघले सञ्चालन गरिरहेको मेक इन नेपाल-स्वदेशी अभियान'लाई थप प्राथमिकताका साथ अगाडि बढाइने जनाएको छ ।

प्रदर्शनीमा औद्योगिक प्रविधि, कृषि, हस्तकला, गार्मेन्ट, बेकरी तथा कन्फेक्सनरी, छाला जुत्ता, खाद्यान्न, सूचना प्रविधिलगायतका स्टल रहने पराजुलीले बताए । प्रदर्शनीको प्रचारका लागि संघले भारतको उत्तर प्रदेशका गोरखपुर, लखनउसम्म पुगेर त्यहाँका उद्योगीलाई आमन्त्रण गरेको छ ।

मुक्तिनाथदेखि लुम्बिनीसम्मको झल्को देखिने गरी धार्मिक एवं पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धनमा जोड दिएको संघको दाबी छ ।

प्रदर्शनीका मुख्य उद्देश्यहरुमा स्वेदशी उत्पादनहरुको प्रदर्शन र बजारीकरण, प्राविधिक र व्यवसायिक अनुभवको आदान प्रदान, नेपाली उद्योगको लागि अवसरको खोजी, उत्पादन उपभोक्ता विज्ञहरु र सरकारी निकायबिच अन्तरसंवाद, आन्तरिक तथा बाह्य औद्योगिक वातावरणको जानकारी, निर्यात मूलक उद्योगको पहिचान र प्रोत्साहन, युवा तथा महिला उद्यमीहरुलाई प्रोत्साहन,पर्यटक क्षेत्रका व्यवस्था बारेमा सरोकारवालाबीच छलफल, औद्योगिक जनशक्ति निर्माण, कृषिमा प्रविधि र आधुनिकीकरण रहेका छन् ।

प्रदर्शनीलाई मनोरञ्जनात्मक बनाउन लोकदोहोरी प्रतियोगिता, आधुनिक गायक गायिका, हास्य कलाकार, स्थानीय कलाकारहरुको प्रस्तुति, सांगीतिक कार्यक्रम, विद्यालय स्तरीय लोकनृत्य प्रतियोगिता, कलेजस्तरीय अन्तरकलेज वक्तृत्वकला प्रतियोगिता, लोक भजन प्रतियोगिता, प्रदर्शनी आइडल, हिपहप, मम्मी डान्स, लोक भजनलगायतका प्रतियोगिताहरु समेत गरिने संघका महासचिव सुमन बस्यालले बताए । प्रदर्शनी सम्पन्न गर्नका लागि रुपन्देही उद्योग संघका अध्यक्षको संयोजकत्वमा ६५ सदस्यीय मुल समिति, ५१ सदस्यीय विशेष सल्लाहकार समिति, २५१ सदस्यीय सल्लाहकार समिति, निवर्तमान अध्यक्षको संयोजकत्वमा विशेष मूल्यांकन समिति ३० वटा विभिन्न उप-समितिहरु गठन गरिएको छ । प्रदर्शनी सुरु हुनुअघि औद्योगिक जनचेतना ऱ्याली निकालिने प्रचारप्रसार संयोजक किरण खरेलले बताए ।

# पोखरा विमानस्थलका आयोजना प्रमुखविरुद्ध भ्रष्टाचार मुद्दा दायर




बुटवल । नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्वप्रबन्धक हाल पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना कार्यान्वयन इकाइ प्रमुख बिनेश मुनकर्मीविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २ करो ५० लाख ३४ हजार ५१७ रुपैयाँ १९ पैसा भ्रष्टाचार गरेको दाबी गरेको छ। उनले पदीय मर्यादा विपरीतका कार्यहरू गरी गैरकानुनी सम्पत्ति आर्जन गरेर भ्रष्टाचार गरेको अख्तियारको आरोप छ ।

मुनकर्मी २०५४ फागुन १ गतेदेखि सरकारी सेवामा कार्यरत छन् । उनले २०८० मंसिर १४ गतेसम्मको अवधिको आयव्यायबारे अख्तियारले अनुसन्धान गरेको हो । यो अवधिमा उनको वैधानिक आम्दानीभन्दा बढी खर्च देखिएको अख्तियारले जनाएको छ ।

बिनेश मुनकर्मीको एकाघरको परिवारकै तलबसहितको वैधानिक आम्दानी र खर्चको अनुसन्धान अख्तियारले गरेको थियो । जसमा सम्पूर्ण स्रोतबाट आम्दानी ३ करोड ७३ लाख ८१ हजार ४४४ रुपैयाँ २० पैसा पाइएको छ।

तर यो अवधिमा ६ करोड २४ लाख १५ हजार ९६१ रुपैयाँ ३९ पैसा खर्च गरेको पाइएको छ। यसरी उनको वैधानिक आम्दानीभन्दा २ करोड ५० लाख ३४ हआर ५१७ रुपैयाँ १९ पैसा बढी खर्च भएको पाइएको छ। उनले यो रकम गैरकानुनी सम्पत्ति आर्जन गरेको आरोप अख्तियारको छ।

उनकी श्रीमती पूर्णकेशरी गोसाईलाई पनि सम्पत्ति जफतका लागि अख्तियारले प्रतिवादी बनाएको छ । यसअघि अख्तियारले पोखरा विमानस्थल निर्माणका क्रममा भएको भ्रष्टाचारमा ५ पूर्वमन्त्री, एक चिनियाँ कम्पनीसहित ५६ प्रतिवादीविरुद्ध मुद्दा दायर गरिसकेको छ।

# चुनावबाट पछि हट्ने अवस्था छैन : कामु निर्वाचन आयुक्त



बुटवल । निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचनबाट किन्तु परन्तु भनेर पछि हट्ने अवस्था नरहेको बताएका छन् ।

मंगलबार सरकारसँग निर्वाचन आयोगले गरेको छलफलका क्रममा बोल्दै उनले यस्तो बताएका हुन् ।उनले कसैको कारणले निर्वाचन बिथोलियो भनेर अरूलाई आक्षेप लगाएर मुक्त हुने अवस्था नरहेको भन्दै निर्वाचन गराउन सबै लाग्नुपर्ने बताए ।

'निर्वाचनमा कुनै किन्तु, परन्तु भनेर पछि हट्यो भने मेरो होइन, उसको कारणले निर्वाचन बिथोलियो भनेर अरूलाई आक्षेप लगाएर मुक्त हुने अवस्था हुँदैन । यो गर्नैपर्ने विकल्पविहीन निर्वाचन हो । यसलाई हरेक क्षेत्र, तह र तप्काबाट गहन रूपमा लिनुपर्छ ।'- उनले भने ।

आगामी २१ फागुनका लागि सरकारले तोकेको निर्वाचन विकल्पविहीन निर्वाचन भएको उनको दाबी छ ।

हरेक क्षेत्र, तह र तप्काबाट गहन रूपमा लिएर निर्वाचन सम्पन्न गर्नुपर्ने दायित्व रहेको उनले बताए ।

सामाजिक सञ्जाललाई कति हदसम्म प्रचारप्रसार गर्न दिने, नकारात्मक प्रचारप्रसार गर्दा कसरी नियन्त्रण गर्ने भन्ने बारेमा सरकारले सोच्न जरुरी रहेको उनले जनाए ।

एआई प्रविधिको दुरुपयोगबारे पनि सरकारले गहन रूपमा छलफल गर्न जरुरी रहेको उनले बताए ।

उनले मतदाता नामावली उल्लासपूर्ण वातावरणमा सम्पन्न भएको र १५ पुससम्म अन्तिम मतदाता नामावली प्रकाशन गर्ने जानकारी दिए ।

सबै राजनीतिक दलहरुसमेत प्रतिस्पर्धामा सहभागी हुनका लागि निर्वाचनको लक्षित दायरामा प्रवेश गरेर निर्वाचनमा जाने बताइसकेकाले निर्वाचनको वातावरण बनिसकेको बताए । मुलुक निर्वाचनमय भइसकेको उनको दाबी छ ।

# भैरहवा विमानस्थलबाट कतार जाँदै हात्ती



**मोहम्मद हबिब**
*भैरहवा*

नेपाल-कतार सरकारबीचको सम्झौताअनुसार उपहारस्वरूप पठाउन लागिएको खगेन्द्रप्रसाद (भाले) र रुद्रकली (पोथी) हात्ती मंगलाबार भैरहवास्थित गौतमबुद्ध विमानस्थल आएको छ ।

सोमबार मध्यान्ह चितवनको सौराहाबाट बिदाई भई छुट्टाछुट्टै निर्माण गरिएका फलामका पिजडासहित ट्रकमा आएको हात्तीको जोडी आज बुधबार बोइङ ७७७ चार्टड कार्गो विमानबाट कतार जानेछ । बिहान साढे ७ बजे पिजडामा आएको हात्ती क्रेनको सहायताले विमानस्थल परिसरमा राखिएको छ । विमानस्थलबाट बुधबार कतार पठाउने तयारी छ । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक श्यामकिशोर शाहकाअनुसार हात्तीलाई विमानस्थलभित्र सुरक्षित स्थानमा राखिएको र बुधबार दिउँसो भैरहवाबाट पौने ४ बजे कतारका लागि कतार एयरवेजको कार्गो चार्टड विमानबाट पठाइने छ । हात्ती भैरहवा ल्याउन र यहाँबाट पठाउन आवश्यक तयारी प्रकृति संरक्षण कोषले गरिरहेको छ ।

तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारी २०७५ मा कतार भ्रमणमा गएकै बेला नेपालले कतारलाई हात्ती उपहार दिने घोषणा गरेको थियो । पछि बैशाख २०८१ मा कतारका अमिर (राजा) शेख तमिम विन हमाद अल थानीको दुई दिने राजकीय भ्रमणका दौरान नेपालले कतारलाई दुई वटा हात्ती उपहार दिने सहमति भएको थियो । 'कन्जर्भेसन कूटनीति' लाई जोड दिँदै नेपालले कतारलाई हात्ती उपहार दिएको हो ।

१५ सय किलो तौलको रुद्रकली ७ वर्ष २ महिना उमेरकी छ भने १६ सय किलो तौलको खगेन्द्रप्रसाद ६ वर्ष १ महिना उमेरको भएको छ । हात्ती जन्मेको साढे दुईदेखि तीन वर्षपछि खोरसोर प्रजनन् केन्द्रमा तालिम दिने गरिन्छ। यी दुवै हात्तीले यही तालिम लिएका हुन् । रुद्रकली निकुञ्जको हात्ती पुजाकलीको र खगेन्द्रप्रसाद कोशीकली हात्तीको सन्तान हो । दुवैका पिता भने जङ्गली भाले हात्ती हुन् ।

हात्ती कतारको चिडियाखानामा निर्माण गरिएको एसीसहितका घरमा बस्ने व्यवस्था मिलाइएको छ । उपहारस्वरूप पठाइने यी हात्तीको सम्पूर्ण खर्च कतार सरकारले व्यहोर्नेछ । रुद्रकली र खगेन्द्रप्रसादलाई कतार छोड्न यसका माहुतेद्वय बुद्धिलाल र पाँचु खाँ थारूसँगै चितवन राष्ट्रिय निकुञ्जका पशु स्वास्थ्य प्राविधिक दिनेश ढकाल पनि कतार जाँदै छन् । माउते र प्राविधिक एक महिनाका लागि कतारमा रहने छन् ।

» बाँकी ३ पेजमा

# उपभोक्ता हितविपरीत काम गर्ने २८७ उद्योग कारबाहीमा

बुटवल । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले ४ महिना अवधिमा उपभोक्ता हितविपरीत व्यवसाय गर्ने उद्योग तथा फर्मबाट सवा करोडभन्दा बढी जरिबाना असुल गरेको छ ।

उपभोक्ता हितविपरीत व्यवसाय गर्ने उद्योग तथा फर्मबाट विभाग र मातहत कार्यालयले अनुगमन गरी १ साउनदेखि १४ मंसिरसम्म १ करोड ३० लाख ३५ हजार ८ सय रुपैयाँ बराबर जरिबाना असुल गरिएको विभागले जानकारी दिएको छ । यस अवधिमा सबै प्रकारका वस्तु तथा सेवासँग सम्बन्धित १ हजार ३ सय ९८ व्यावसायिक फर्म तथा उद्योगको स्थलगत अनुगमन गरिएको थियो । अनुगमन क्रममा २ सय ८७ व्यावसायिक फर्म तथा उद्योगलाई उक्त परिमाण बराबर जरिबाना गरिएको हो । त्यस्तै २ सय ५१ व्यावसायिक फर्म तथा उद्योगसँग कागजात माग गरिएको छ भने ७ सय ४४ वटालाई सामान्य निर्देशन दिइएको विभागका निर्देशक भरतप्रसाद आचार्यले जानकारी दिए ।

'अनुगमन क्रममा उपभोक्ता संरक्षण ऐन २०७५ र अन्य प्रचलित कानुनको बर्खिलाप गरी केही उत्पादक र पैठारीकर्ताले एमआरपी लेबल नराखी उत्पादन बजारमा खुला बिक्री गरेको पाइयो,' निर्देशक आचार्यले भने-'उपभोक्ता ऐनले तोकेका नियमविपरीत आर्थिक कारोबार गर्ने र उपभोक्ता ठग्ने व्यवसायीलाई जरिबाना तिराइएको हो ।'

यस अवधिमा सबैभन्दा बढी जरिबाना एजुकेसनल कन्सल्टेन्सीलाई तिराइएको छ । ५० वटा कन्सल्टेन्सीलाई ३१ लाख ७० हजार रुपैयाँ जरिबाना तिराइएको निर्देशक आचार्यले बताए । यस अवधिमा कुल ४ सय जनाको टोलीले ती उद्योग तथा फर्म अनुमगन गरेको थियो ।

विभागले करिब ४ महिना अवधिमा देशभरिका अन्य क्षेत्रबाट १६ लाख २६ हजार र इलेक्ट्रोनिक्स क्षेत्रबाट ३ लाख रुपैयाँ जरिबाना असुल गरेको छ।

यस्तै यस अवधिमा ६ वटा अटो पाट्र्स उद्योगलाई ३ लाख ३५ हजार रुपैयाँ जरिबाना तिराइएको जानकारी विभागले दिएको छ। ४७ खाद्य वस्तुका उद्योग तथा फर्मलाई जरिबाना तिराउँदा १९ लाख ४९ हजार रुपैयाँ असुल गरिएको छ। त्यस्तै १३ वटा रेडिमेड तथा थान कपडा पसललाई ६ लाख ६७ हजार ६ सय, २३ वटा भाँडाकुँडा पसललाई ५ लाख ४५ हजार र १८ वटा कस्मेटिक पसललाई ७ लाख ३८ हजार रुपैयाँ जरिबाना गरिएको छ।

निर्देशक आचार्यका अनुसार ६ वटा जुत्ताचप्पल उद्योगलाई ४ लाख ३२ हजार रुपैयाँ जरिबाना तिराइएको छ ।

१० वटा किराना पसललाई ८० हजार १ सय रुपैयाँ जरिबाना तिराउँदा विविध २ लाख ९७ हजार, ४ वटा हार्डवेयर १ लाख ७२ हजार, ५ वटा फर्निचर एन्ड फिक्चर्स ३ लाख २३ हजार, ४ वटा तरकारी तथा फलफूल ९५ हजार र ३ वटा पानी उद्योगबाट ५० हजार रुपैयाँ जरिबाना असुल गरिएको छ ।

» बाँकी ३ पेजमा


**औद्योगिक प्रदर्शनीको जनचेतना ऱ्याली सम्बन्धि सूचना**

रुपन्देही उद्योग संघले पुस ३ देखि १७ गतेसम्म आयोजना गर्न लागेको १६ औं राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सवको जनचेतना र्याली पुस २ गते बिहान ११ बजे प्रदर्शनीस्थलबाट निस्कने भएकाले सम्पूर्ण उद्योगी, सामाजिक संघसंस्थाहरुसहित सबैलाई हार्दिक आमन्त्रण गर्दछौं ।

समृद्ध नेपाल निर्माणको आधार, स्वदेशी उद्यमशिलताको विस्तार भन्ने अभियानलाई साथ दिन हार्दिक अनुरोध छ ।

**प्रदर्शनी मूल आयोजक समिति तथा जनचेतना ऱ्याली उपसमिति**

## सम्पादकीय

# पुँजीगत खर्च बढाऊ

न्यून पुँजीगत खर्चले विकास निर्माणको काम प्रभावित भएका छन् । पुँजीगत खर्च न्यून भएको बारे धेरै पटक छलफल भएका छन्, ती छलफल केवल औपचारिकताका लागि भइरहेका छन् भन्ने देखिन्छ । छलफल नतिजामुखी नभएपछि स्वभाविक रुपमा प्रश्नहरु उठ्छन् । पुँजीगत खर्च बढाउन सरकारी निकाय किन चुकिरहेका छन् ? अहिले उठिरहेको यो प्रश्नको उत्तर खोजी नभएसम्म पुँजीगत खर्च हुने सम्भावना छैन ।

बेलैमा बजेट नआउँदा समस्या भयो भनियो, बजेट जेठ १५ गते ल्याउने मिति नै संविधानमा तोकियो । यो मितिमा जसरी पनि बजेट ल्याउनका लागि संविधानमा तोकिएको हो । विपक्षीले अवरोध गरेर बेलैमा बजेट नआउने प्रवृत्ति त रोकिएको छ । तर बजेट बेलैमा आएपनि खर्च गर्ने प्रणालीगत सुधार हुन सकेन् । खर्च गर्ने प्रणाली बनाउने बानी बसेन् । बजेट आएपछि कार्यक्रममा विनियोजन भएको बजेट खर्च गर्ने प्रणालीको शुरुवात कार्तिक-मंसिर नै कुर्नुपर्ने प्रवृत्तिमा सुधार आएन् । कार्यविधि, निर्देशिकालगायतका काम साउनमै सकेर असोजमा ठेक्का लगाउन किन सकिंदैन ? कर्मचारीतन्त्रमा मौलाएको ढिलासुस्ती हटाउन नसक्दा लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न समस्या परेको छ । र, नागरिकले परिवर्तनको अनुभूति गर्न पाएका छैनन् । बेलैमा आएको बजेट खर्च गर्ने प्रणालीगत सुधार गर्ने कर्मचारी प्रशासनले हो, कर्मचारी प्रशासनलाई त्यस्तो प्रणाली निर्माणका लागि अभिप्रेरित गर्ने, राम्रो गर्नेलाई पुरस्कार र कमजोरी गर्नेलाई नैसियतको व्यवस्था हुन नसक्दा समस्या भएको छ । बजेट विनियोजन आवश्यकताका आधारमा भन्दा मागका आधारमा गर्ने प्रवृत्तिमा पटक्कै सुधार आएन् । मागका आधारमा बजेट आउँदा मनपरी भयो । आवश्यकताका आधारमा बजेट विनियोजन हुँदा कामप्रतिको जिम्मेवारीपन देखियो । बजेटलाई नतिजामुखी बनाउन मागका आधारमा होइन्, आवश्यकताका आधारमा बजेट खर्च हुनुपर्छ ।

गत वर्षभन्दा पुँजीगत खर्च २० प्रतिशतले घटेर ३३ अर्ब ८७ करोड रुपैयाँ खर्च भएको छ । गत वर्ष यसै समयमा ४० अर्ब ८० करोड रुपैयाँ खर्च भएको थियो । यो वर्ष पुँजीगत खर्च कम हुनुको कारण जेनजी आन्दोलन र त्यसपछि उत्पन्न असहज परिस्थितिले पनि हो । बजेट ल्याउने एउटा सरकार र अहिले अर्कै सरकार भएकोले पनि कर्मचारी प्रशासन अलमल देखिन्छ । सरकारले विनियोजन बजेटमध्ये विभिन्न शीर्षकको बजेट कटौती भएकोले समस्या देखिन्छ । कर्मचारी प्रशासनलाई नीतिगत दिशानिर्देश गरी बजेट खर्च गर्ने प्रणाली विकास गर्न आवश्यक छ । बजेट खर्च गर्ने प्रणाली विकास गर्न सकिंदैन भने राज्यप्रति नागरिकको अपनत्व कमजोर बन्दै जान्छ । बजेट खर्च नहुँदा अर्थतन्त्र चलायमान हुन सक्तैन् । अर्थतन्त्र सुस्ताउँदा निजी क्षेत्रको मनोबल खस्केको छ । अझ भदौ २३ र २४ को घटनापछि खस्केको निजी क्षेत्रको मनोबल उकास्नको लागि समेत बजेट खर्चको गतिलाई बढाउन आवश्यक छ ।

# सरकार–जेन–जी सम्झौताको संवैधानिक प्रश्न



**डा. प्रेमराज सिलवाल**

गैरकानुनी र अराजनीतिक सम्झौतालाई बचाउ गर्ने प्रयास गर्नु भनेको उमेर पुगेका केटाकेटीबिच भएको विवाहमा माला लगाएर साटासाट गरेको, टीका लगाएको, औँठी लगाएको र विवाह गरेको देखेर 'चौरमा खेल्ने बालबालिकाले भाँडाकुटी तयार पारी तिमी र हामीबिच पनि विवाह गरौँ भनेर भाँडाकुँटी विवाह गरेजस्तो नक्कल' मात्र हो । सम्झौता केटाकेटीबिचको 'भाँडाकुटी विवाह'जस्तै हो । त्यस्तो विवाहले पछि उमेर पुगेपछि पनि मान्यता र वैधता प्राप्त गर्न सक्दैन ।

संविधान आफैँमा विवाद, द्वन्द्व, असहमति र हिंसा बढाउने दस्ताबेज नभएर विवादको विधिसम्मत, शान्तिपूर्ण, तार्किक समाधान खोज्ने, द्वन्द्व र हिंसा न्यूनीकरण गर्ने, नागरिकको शान्तिपूर्ण सहभागिता र असहमति स्विकार्ने, नागरिकको अपनत्व वृद्धि गर्ने, सबै नागरिकको मौलिक हकको सम्मान गर्ने सार्वभौमसत्ता निर्मित कानुनी एवं राजनीतिक दस्ताबेज पनि हो । संवैधानिक सर्वोच्चता, विधिको शासन, संविधान र संविधानको मूल प्रबन्ध र भावनालाई बेवास्ता गरी कुनै समूहसँग उनीहरूद्वारा नै समर्थित सरकारले 'सम्झौता' गर्नुले कुनै अर्को पक्ष, राजनीतिक विचारधारा, दल, समूह वा नागरिकको मौलिक हक, हित र सम्मानमा चोट पुग्छ भने त्यस्तो निर्णय विभेदकारी, अन्यायपूर्ण र दुराशयपूर्ण हुन पुग्छ ।

सरकारलाई संविधानतः शासन सञ्चालनको कार्यकारी अधिकार रहेको भए पनि संविधानमै शासन गर्ने अधिकार 'संविधान र कानुनबमोजिम हुने' भन्ने शब्दावली उल्लेख भएकाले सीमित सरकारको अवधारणाअनुसार राज्य सञ्चालन गर्नु मन्त्रिपरिषद्को कर्तव्य हुन्छ । नेपालको संविधानको धारा २ मा सार्वभौमसत्ता र राजकीय सत्ताबारे उल्लेख छ । जसमा नेपालको सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रहेको प्रस्ट उल्लेख गरिएको छ । 'यसको प्रयोग यस संविधानमा व्यवस्था भएबमोजिम हुनेछ' भनी लेखिएको छ । वर्तमान सरकार नेपालको संविधानको धारा ७६ अन्तर्गत निर्वाचित र दलीय सरकार होइन । त्यस्तो निर्वाचित र दलीय सरकारलाई पनि आफूलाई लागेको आत्मनिष्ठ र स्वविवेकी निर्णय गर्ने अधिकार संविधानले दिएको छैन । संविधानको धारा ७५ (२) मा प्रयुक्त 'यो संविधान र कानुनको अधीनमा रही' भन्ने वाक्य, शब्दावलीले मन्त्रिपरिषद् वा नेपाल सरकारबाट हुने कार्यकारी अधिकारको प्रयोग संविधान र कानुनको अधीनमा रहेर गर्नुपर्ने प्रस्ट उल्लेख गरेकोमा विवाद रहेन (देवप्रसाद गुरुङ वि. प्रधानमन्त्री केपी शर्मा ओलीसमेत ०७७-डब्लु. सी-००२८) ।

प्रधानमन्त्री र जेन-जीबिच भएको सम्झौताले 'गम्भीर प्रकृतिका फौजदारी आपराधिक घटनामा अनुसन्धान र अभियोजन नगर्ने र त्यस्ता कार्यसमेतलाई सरकारी वैधता प्रदान गर्ने, संविधानले नचिन्ने तथा संविधानप्रतिकूल आफूलाई लागेका आयोग निर्माण गर्ने' र मुलुकमा अनन्तकालसम्मका लागि संवैधानिक र राजनीतिक द्वन्द्व सिर्जना गर्ने' सम्भावना देखिन्छ । सरकारद्वारा गरिएको प्रस्तुत सम्झौता राजनीतिक दल, संघ-संगठन, नागरिक समाज र अन्य पीडित व्यक्तिप्रतिको अपमान हो । संविधानको प्रबन्धविरुद्ध हुने गरी गरिएको सम्झौताले संवैधानिक र राजनीतिक द्वन्द्व बढाउने निश्चित छ ।

नेपालको संविधानको धारा ७५ (२) मा प्रयुक्त यो संविधान र कानुनको अधिनमा रही भन्ने वाक्य, शब्दावलीले मन्त्रिपरिषद् वा नेपाल सरकारबाट हुने कार्यकारी अधिकारको प्रयोग संविधान र कानुनको अधीनमा रहेर गर्नुपर्ने हुन्छ भनेको छ । नेपालको संवैधानिक प्रबन्ध, संविधानको मर्म, भावना र सीमाप्रतिकूल कार्यकारी निर्णय हुनै सक्दैन । सम्मानित सर्वोच्च अदालतले शेरबहादुर देउवा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको ०७७-डब्लु. सी.-०७१ मुद्दामा संविधानद्वारा आत्मसात् गरिएका मूल्य, मान्यता वा दर्शनप्रतिकूल भएका कार्यलाई स्वीकार गरिनुहुँदैन भनेको थियो । शेरबहादुर देउवासमेत वि. राष्ट्रपतिको कार्यालसमेत ने.का.प. २०७९, अंक १, नि.नं. ००२८, संवैधानिक इजलासमा पुगेको मुद्दामा सर्वोच्च अदालतले संविधान र संविधानवादका मूल्य तथा मान्यताको विवेचना गर्दै संविधानप्रतिकूल निर्णय बदर हुने भनेको छ ।

अधिवक्ता बालकृष्ण न्यौपाने वि. राष्ट्रपतिको कार्यालय, ने.का.प.२०६८, अंक ४, नि.नं.८५८८ को मुद्दामा संविधानको मर्म र भावनाप्रतिकूल मूल संविधानको मौलिक स्वरूप र संरचना नै क्षतविक्षत् हुने गरी संविधान संशोधन गर्ने अधिकार संविधानअन्तर्गतको निकाय व्यस्थापिकालाई पनि नहुने भनिएको छ । ज्ञानेन्द्रराज आरणसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत ने.का.प. २०८१, अंक ७, नि.नं. ११३११ को रिटमा २०८१ साल मंसिर २० गते माननीय न्यायाधीश आनन्दमोहन भट्टराई र महेश शर्मा पौडेलको संयुक्त इजलासले 'राज्यका कुनै पनि निकायलाई संवैधानिक सीमाको उल्लंघन गर्ने छुट प्राप्त छैन' भनेर फैसला गऱ्यो । अधिवक्ता ओमप्रकाश अर्याल वि. सम्माननीय राष्ट्रपतिको कार्यालयसमेत ने.का.प. २०७३ अंक ११, नि.नं.९७१० को मुद्दामा 'लोकतान्त्रिक मूल्य मान्यता, कानुनको शासन, संविधानवाद आदिको दृष्टिले हेर्दा राज्यका सबै काम कारबाही र क्रियाकलाप मापनको आधार भनेको संविधान नै हो' भनेको छ ।

राजीव पराजुलीका हकमा सञ्जीव पराजुलीसमेत वि. भ्रष्टाचार नियन्त्रण शाही आयोग, हरिहरभवन, ललितपुरसमेत भएको मुद्दा (ने.का.प. २०६२, अंक ११, नि.नं.७६१८ मुद्दा) मा '...लिखित संविधान लागू हुनु भनेको कुनै पनि प्रथा, परम्पराबाट होइन, लिखित प्रबन्धअनुसार राज्य सञ्चालित हुनु, गर्नु हो' भनेको छ । सो मुद्दामा सर्वोच्च अदालतले 'राजनीतिक परिदृश्य र सरकार परिवर्तन हुँदैमा संविधानवाद र विधिको शासनको मूल्य-मान्यता परिवर्तन हुने होइन ।' 'राजनीतिक परिस्थिति र सत्ताअनुकूल संविधानवाद र विधिको शासनको व्याख्या गर्दै जाने हो भने मुलुकमा कानुनी शासन ध्वस्त बन्ने खतरा हुन्छ ।' 'राज्य, सरकार र अख्तियार प्राप्त कुनै पनि व्यक्ति र निकायका कार्य संविधान र कानुनअनुसार सञ्चालित हुनुपर्छ' भनेर संविधानवादको मूल्य र मान्यताअनुसार सरकार सञ्चालित हुनुपर्छ भनेको छ । बालकृण न्यौपाने वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत ने.का.प. २०६८, अंक ४, नि.नं.८५८८ भएको मुद्दामा 'राज्यका हरेक अंगको कामकारबाही संविधानको अक्षर र भावनाअनुकूल गरिनुपर्छ भन्ने कुरामा जोड दिइएको छ । विनोद कार्की वि. अर्थ मन्त्रालयसमेत, ने.का.प. २०६२, अंक २, नि.नं. ७४९२ मा 'राज्य सञ्चालनका क्रममा कुनै निर्णय वा काम कारबाही गर्दा संविधानले निश्चित गरिदिएको सीमारेखालाई अतिक्रमण गर्न नमिल्ने' भनिएको छ । भारतीय सर्वोच्च अदालतले सावरिमल मंदिर विवाद (२०१८) तथा केशवानन्द भारती (ए.आई.आर. १९७३) भएको मुद्दामा समेत संवैधानिक सर्वोच्चता तथा संवैधानिक नैतिकताको व्याख्या गर्दै संविधानप्रतिकूलका कार्यकारी आदेश र निर्णयले वैधानिकता प्राप्त गर्न सक्दैनन् भनिएको पाइन्छ । संविधानवाद, संवैधानिक नैतिकता तथा लोकतन्त्र गतिशील अवधारणा हुन् । संविधानविद् हिलरे बर्नेटले संविधानवाद कुनै कानुनी अवधारणा मात्र नभएर वैधानिक शासन व्यवस्था स्थापना गर्ने दर्शन पनि हो भन्ने धारणा दिएका छन् । २३६ वर्षदेखि अमेरिकी संविधानवाद अमेरिकी नागरिकको मात्र होइन, विश्वकै लागि अमेरिकी संविधान गतिशील दस्ताबेजका रूपमा क्रियाशील भएको मानिएको छ । लोकतान्त्रिक मूल्य-मान्यतालाई सामाजिक परिवर्तनको सापेक्षतामा रूपान्तरण गर्न सकेका कारणबाट लिखित संविधान नभए पनि बेलायती संविधानवाद र संसदीय शासन प्रणाली सदियौँदेखि गतिशील रहेको पाइन्छ ।

प्रदर्शनका समयमा भएका गम्भीर प्रकृतिका फौजदारी अपराधलाई समेत राजनीतिक र कानुनी वैधता दिने कुरा उक्त सम्झौतामा लेखिएको छ । 'जेन-जीसँगको सम्झौता' संविधानसँग बाझिएको छ । 'भ्रष्टाचार निवारण तथा दण्डहीनता अन्त्य गर्न भन्दै छुट्टै स्थायी प्रकृतिको संविधानले नचिनेको (विघटित शाही आयोगजस्तो ?) आयोग बनाइने', 'आन्दोलनका गतिविधिमा सहभागी भएका र फौजदारी अपराधमा संलग्नलाई समेत अनुसन्धान र अभियोजन नगरिने'जस्ता फौजदारी न्यायका मान्य विधिशास्त्रीय सिद्धान्तप्रतिकूलका बुँदा राखिएका छन् । संविधान संशोधन सुझावका लागि उच्चस्तरीय आयोग बनाउने भन्दै 'विज्ञ, जेन-जी र युवासहित सरोकारवालाको सहभागितामा उच्चस्तरीय संविधान संशोधन सुझाव आयोग' गठन गर्ने भनिएको छ । संविधान संशोधन गर्ने प्रयोजनका लागि सरकारले बनाउने 'छुट्टै अर्को आयोग'लाई संविधानले चिन्दैन । 'जेन-जी परिषद्'को गठन गर्ने भनिएको छ । शासन व्यवस्था सञ्चालनका लागि भन्दै गठन गरिने त्यस्तो 'परिषद्'लाई पनि संविधान र नेपालको कानुनले चिन्दैन । जेन-जी एउटा पुस्ताको नाम हो । मुलुकमा जेन-जी पुस्ताका मानिस छन् । तर, जेन-जी पुस्ताका मानिस मात्र छैनन् । जेन-जीका नाममा प्रदर्शन भयो । अब मुलुकमा कसैले कुनै प्रदर्शन र आन्दोलन गर्दैन भन्ने होइन । आन्दोलन, तोडफोड, आगजनी र हिंसालाई आन्दोलनको मानक बनाउने र भिडको बलमा सत्तामा पुग्ने र उही भिडको माग भन्दै भिडकै नेतृत्वकर्ता सरकार प्रमुखबाट संवैधानिक, कानुनी र राजनीतिक वैधता नहुने सम्झौता गर्नु भनेको 'कुनै हिंस्रक भिडले कसैको सम्पत्ति कब्जा गर्नु र उसैको सम्पत्ति पुनः अन्यलाई उसैले बाँड्नु' जस्तै हो ।

०५२-०६२ सालमा तत्कालीन माओवादी र सरकारबिच भएको सम्झौतालाई यहाँ तुलना गर्ने धृष्टता गर्नु भनेको राजनीति, राजनीतिक इतिहास, राजनीतिक संघर्ष, राजनीतिक मुद्दा, राजनीतिक समाधान र नेपालको राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक द्वन्द्वलाई नबुझ्नु हो । ०६३ साल मंसिर ५ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र नेकपा माओवादी अध्यक्ष प्रचण्डबिच भएको विस्तृत शान्ति सम्झौता (जसलाई नेपालको अन्तरिम संविधान, २०६३ को अंग पनि बनाइएको थियो) जस्तो मोडलमा प्रधानमन्त्री सुशीला कार्की र जेन-जी प्रतिनिधिबिच गरिएको भनिएको असंवैधानिक, गैरकानुनी र अराजनीतिक सम्झौतालाई बचाउ गर्ने प्रयास गर्नु भनेको उमेर पुगेका केटाकेटीबिच भएको विवाहमा माला लगाएर साटासाट गरेको, टीका लगाएको, औँठी लगाएको र विवाह गरेको देखेर 'चौरमा खेल्ने बालबालिकाले भाँडाकुटी तयार पारी तिमी र हामीबिच पनि विवाह गरौँ भनेर भाँडाकुँटी विवाह गरेजस्तो नक्कल' मात्र हो । सम्झौता केटाकेटीबिचको 'भाँडाकुटी विवाह'जस्तै हो । त्यस्तो विवाहले पछि उमेर पुगेपछि पनि मान्यता र वैधता प्राप्त गर्न सक्दैन । संविधान, कानुन र बृहत् राजनीतिक समर्थन र वैधता प्राप्त नगरेको कुनै पनि सम्झौता 'भ्वाइडेबल कन्ट्र्याक्ट' (शून्य हुने करार) जस्तै हो ।

नयाँ पत्रिकाबाट

# दोहोरो अङ्कले बढ्यो नेप्से परिसूचक



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार दोहोरो अङ्कको सुधार देखिएको छ । नेप्से परिसूचक १८ दशमलव ३७ अङ्कले बढेर दुई हजार ६१९ दशमलव ९९ को बिन्दुमा कायम भएको छ ।

३२५ कम्पनीको ७८ लाख चार हजार ४५ कित्ता शेयर ५५ हजार ७८ पटक खरिदबिक्री हुँदा रु तीन अर्ब २९ करोड ४२ लाख २७ हजार ११२ बराबरको कारोबार भएको छ । कारोबारमा व्यापार समूह बाहेक सबै समूहको उपसूचक बढेको छ ।

स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड र नारायणी डेभलपमेन्ट बैङ्क लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने श्वेतगङ्गा हाइड्रोपावर एन्ड कन्स्ट्रक्सन लिमिटेड रहेको छ । कारोबार र कारोबार रकमका आधारमा सबैभन्दा धेरै ङादी ग्रुप पावर लिमिटेडको रु १९ करोड ८२ लाख ४५ हजार २५ बराबरको चार लाख ९४ हजार १८४ कित्ता शेयर किनबेच भएको छ ।

# थकान कम गर्न तथा राम्रोसँग सुत्न अपनाउनुपर्ने ५ उपाय

**१. आइरनको स्तर जाँच गर्नुहोस्**

शरिरमा आइरनको कमीलाइ थकान र अनिद्राको कारण मानिन्छ । विशेष गरी बच्चाहरू, किशोरीहरू, गर्भवती महिलाहरू, खेलाडीहरू, शाकाहारीहरू, र बारम्बार रगतदान गर्नेहरूमा आइरनको कमी हुने सम्भावना बढी हुन्छ ।

- मासु, माछा, गेडागुडी, हरियो सागसब्जी र भिटामिन सीयुक्त खानेकुरा सेवन गर्दा आइरनको स्तर राम्रो रहन्छ ।
- यदि तपाईंले लामोसमयदेखि थकानको महसुस गरिरहनुभएको छ भने भने, फेरिटिन वा हेमोग्लोबिनको परीक्षण गर्न डाक्टरसँग परामर्श लिनुहोस् ।

**२. स्वस्थ आहार ग्रहण गर्नुहोस्**

अध्ययनहरूले देखाएको छ कि फलफूल र तरकारी बढी खाने व्यक्तिहरूको निद्रा राम्रो हुन्छ, जबकि फास्ट फुड र चिनी धेरै भएको पेय पदार्थहरू सेवन गर्नेहरूको निद्रामा समस्या हुन्छ ।

- मेडिटेरेनियन डाइट (फलफूल, तरकारी, गेडागुडी, नट्स, साबुत अन्न, कम फ्याट भएका दुग्धजन्य पदार्थ) अपनाउनु लाभदायक हुनसक्छ ।
- हरियो सागसब्जीमा पाइने भिटामिन ए, सी, तथा आइरनजस्ता खनिजहरूले निद्रामा सुधार ल्याउँछ ।



**३. नियमित रूपमा व्यायाम गर्नुहोस्**

- दैनिक हल्का व्यायाम, जस्तै हिंड्नु, योग गर्नु, वा कार्डियो एक्सरसाइज गर्नु, निद्रा राम्रो बनाउन मद्दत गर्छ ।
- हप्तामा कम्तीमा तीन दिन व्यायाम गर्नु बढी प्रभावकारी देखिएको छ ।
- राति सुत्नुभन्दा दुई घण्टा अघि हल्का व्यायाम गर्दा निद्रामा असर पर्दैन ।

**४. मदिरा र धूम्रपान त्याग्नुहोस्**

- धुम्रपान अनिद्रासँग जोडिएको छ, जसले हल्का निद्रा र थकानको समस्या निम्त्याउन सक्छ ।
- मदिराले सुरुवातमा निद्रा ल्याए पनि, रातभर राम्रो निद्रा आउँदैन र निद्रा चक्र बिगार्छ ।

**५. नियमित रूपमा बिहानको खाजा खानुहोस्**

- बिहानको खाजा नियमित खाने गर्नाले शारीरिक र मानसिक ऊर्जा बढ्छ ।
- नियमित रूपमा खाजा खानेहरू कम थकानको महसुस गर्छन् ।
- एक निश्चित समयमा खानपान गर्दा शरीरको जैविक घडी (बडी क्लक) सन्तुलित रहन्छ ।

स्वास्थ्य खबरबाट

# स्याङ्जा काँग्रेसद्वारा सिफारिस कान्छा उम्मेदवार



**प्रकाश डोटेल**

*स्याङ्जा,*

नेपाली काँग्रेस स्याङ्जाले प्रतिनिधिसभा निर्वाचनका लागि दुई कान्छा उम्मेदवार सिफारिस गरेको छ। आउँदो फागुन २१ गते गर्ने भनिएको निर्वाचनका लागि स्याङ्जा काँग्रेसले सिफारिस गरेकामध्ये क्षेत्र नं.-१ बाट अजित क्षेत्री र क्षेत्र नं.-२ बाट विष्णुप्रसाद पौडेल समेत दुई कान्छा आकांक्षी उम्मेदवारका रुपमा सिफारिस भएका छन्।

जेनजी आन्दोलनको पृष्ठभूमिमा बनेको वर्तमान सरकारले फागुन २१ गते आमनिर्वाचनको मिति घोषणा गरेको छ। घोषित मितिमा हुने निर्वाचनमा भाग लिन आकांक्षी उम्मेदवार सिफारिस गर्न नेपाली काँग्रेस केन्द्रीय समितिले क्षेत्रिय र जिल्ला कार्यसमितिलाई गरेको निर्देशन बमोजिम जिल्ला-जिल्लाबाट उम्मेदवार गर्ने क्रममा स्याङ्जाबाट पनि सिफारिस गरिएको हो।

दुई निर्वाचन क्षेत्र रहेको स्याङ्जा काँग्रेसद्वारा क्षेत्र नं.-१ बाट सिफारिस भएका ११ जनामध्ये अजित क्षेत्री कान्छा उम्मेदवार हुन्। क्षेत्रीसँगै काँग्रेस केन्द्रीय उपसभापति धनराज गुरुङ्, पूर्वसांसद राजु थापा, मुक्तिनाथ विकास बैंकका पूर्वअध्यक्ष भरतराज ढकाल, गण्डकी प्रदेश काँग्रेस उपसभापति मेखलाल श्रेष्ठ, महासमिति सदस्य गोविन्दबहादुर रानाभाट, प्रेमराज पौडेल, ईन्द्रबहादुर रिजाल, बन्दना लम्साल, बुद्धिबहादुर राना 'कुमार' र युवा उद्यमी खुमाप्रसाद अर्याल सिफारिस भएको स्याङ्जा काँग्रेसले जनाएको छ।

स्याङ्जा क्षेत्र नं.-१ बाट सिफारिस भएकामध्ये कान्छा उम्मेदवार क्षेत्री २०४७ सालमा साविक किचनास गाविस र हाल हरिनाश गाउँपालिका-१ सालडाँडामा जन्मिएका हुन्। उच्च शिक्षाका लागि पोखरास्थित पृथ्वीनारायण क्याम्पसमा अध्ययन गर्दा विद्यार्थी राजनीतिको नेतृत्व गरेका क्षेत्रीले नेपाल विद्यार्थी संघ स्याङ्जाको क्षेत्रीय सभापति र लामो समय जिल्ला सभापपित भएर काम गरे।

नेविसंघको सभापति हुँदा जिल्लाका प्रत्येक विद्यालयमा पुगेर गरेको संगठनको बलमा उनी काँग्रेसको १४औं महाधिवेशनमा महासमिति सदस्य बन्न सफल भए। गण्डकी काँग्रेसका प्रदेश कार्यसमिति सदस्यमा निर्वाचित क्षेत्री कार्यसम्पादन समितिका सदस्य र भातृ संघसंस्था विभाग संयोजक समेत हुन्। आउँदो निर्वाचनका लागि स्याङ्जा काँग्रेसले आकांक्षी उम्मेदवारको रुपमा सिफारिस गरेमध्ये ३५ वर्षिय क्षेत्री कान्छा उम्मेद्वार बनेसँगै उनको जिल्लामा चर्चापरिचर्चा बढेको छ।

विद्यार्थी राजनीतिदेखि सुख दुःखसँग संगठन विस्तारमा काम गर्दै आएको सुनाउँदै आकांक्षी उम्मेदवार क्षेत्रीले भने-'विद्यार्थी कालदेखि अहिलेसम्म निरन्तर संगठन विस्तारमा गाउँ जाने क्रम रोकिएको छैन्।' दिनरात विद्यार्थी, युवा, महिला वृद्धवृद्धासँगको सहकार्यले राजनीतिमा आत्मबल बलियो र दरिलो बनेको बताउँदै उनले भने-'पार्टीले विश्वास गरेर टिकट दिए जनताबाट अनुमोदित हुन् तयार भएरै आकांक्षी बनेको छु।'

त्यसैगरी स्याङ्जा क्षेत्र नं.-२ बाट सिफारिस भएका १२ आकांक्षीमध्ये अर्का कान्छा उम्मेदवार हुन्, विष्णुप्रसाद पौडेल। पौडेलसँगै गण्डकी प्रदेशका पूर्वसांसद भागवत प्रकाश मल्ल, गोपालमान श्रेष्ठ, धनराज गुरुङ, मोहनप्रसाद पाण्डे, श्यामप्रसाद बश्याल, युवाराज पाण्डे, केदार काफ्ले, उद्यमी खुमाप्रसाद अर्याल, धुर्व शर्मा पंगेनी, शेषकान्त पुरी र महिला नेतृ माया रानालाई आकांक्षी उम्मेदवारका रुपमा सिफारिस गरेको स्याङ्जा काँग्रेसले जानकारी दिएको छ।

पारिवारिक वातावरणबाटै काँग्रेस भएका पौडेल २०६३ सालमा नेपाल विद्यार्थी संघको जिल्ला सदस्य र २०६६ सालतिर नेविसंघको जिल्ला उपाध्यक्ष बनेर काम गरे। नेपाली काँग्रेसको २०७२ मा भएको १३औं महाधिवेशनमा महासमिति सदस्य बनेका पौडेल त्यसयता लोकप्रिय मतसहित निरन्तर महासमिति सदस्य बन्दै आएका छन्। २०४० सालमा जन्मिएका पौडेलले २०७४ सालमा सम्पन्न प्रदेशसभा सदस्य निर्वाचनमा झण्डै ३४ वर्षकै उमेरमा टिकट पाएका थिए।

काँग्रेसकै घात अन्तरघातले नेकपा एमालेका मोहन रेग्मीसँग पराजित भएका युवा नेता पौडेल संगठनमा निरन्तर खट्दै आएका छन्। वालिङ नगरपालिका-१४ का स्थायी बासिन्दा पौडेल नेकपा एमाले केन्द्रीय सचिव पद्मा अर्याल समेत मतदाता रहेको वडामा हरेक स्थानीय निर्वाचनमा सधैं काँग्रेसका जुनसुकै उम्मेदवारलाई जिताउन महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्।

राजनीतिक मैदानमा विपक्षीसँग भौतिक रुपमै भिडेको अनुभव संगालेका पौडेलले संगठन विस्तारमा लामो सयमदेखि अभिछिन्न खटेको बताए। संगठनमा लाग्दा व्यक्तिगत चाहानाहरुलाई तिलाञ्जली दिनुपर्ने बाध्यता रहेको बताउँदै पौडेलले भने-'संगठनको श्रीवृद्धिमा होमिदा आफ्नै र बाह्यि पार्टीका सदस्यलाई सहयोग गर्न पाउँदा हुने खुसीले मन आनन्दित हुने रहेछ।'

बढ्दो बेथिति, भ्रष्टाचारविरुद्ध र युवा प्रतिनिधित्व सुनिश्चितताको माग गर्दै गत भदौ २३ र २४ मा भएको जेनजी आन्दोलनको मर्म अनुसार स्याङ्जा काँग्रेसले धेरै युवा आकांक्षी उम्मेदवारलाई सिफारिस गरेको छ। दुबै निर्वाचन क्षेत्रबाट सिफारिस भएका युवामध्येका कान्छा आकांक्षी क्षेत्री र पौडेलको सिफारिसलाई आम मतदाताले सकारात्मक रुपमा लिएका छन्। युवाहरुको सिफारिससँगै युवा मतदातामा उत्साह छाएको जनाइएको छ।

# दमकडा माविलाई अन्तर्राष्ट्रिय आइएसओ सर्टिफाइड लोगो प्रदान




पाल्पा। पाल्पाको शैक्षिक क्षेत्रमा महत्वपूर्ण फड्को मार्दै आएको दमकडा माध्यमिक विद्यालयले आइएसओ सर्टिफाइड विद्यालयको मान्यता पाउने गरी आफ्ना गतिविधिहरु बढाएको छ। विद्यालय शिक्षालाई, गुणस्तर, अनुशासित, सस्कारी र सिक्ने, टिक्ने र बिक्ने गरी विकास गर्न विद्यालयले भौतिक तथा शैक्षिक विभिन्न गतिविधिका सूचकहरु पुरा गरेपछि दमकडा माविले आइएसओ सर्टिफाइड लोगो पाएको छ। पाल्पामा आइएसओ सर्टिफाइड लोगो पाउने दमकडा मावि पहिलो विद्यालय बनेको छ।

विद्यालय सुधारको लागि लगातार ७ महिनाको मेहनतपछि विभिन्न ५१ वटा विद्यालय सुधारका सूचकहरु पुरा गरी, तोकिएका सूचकहरुको अनुगमन, मूल्याङ्कन, तथा प्रमाणिकरण गरी विद्यालयलाई ग्लोबल क्वालीटी काउन्सील नेपालका प्रतिनिधि सुदिप शर्माले दमकडा माविलाई आइएसओ सर्टिफाइड लोगो प्रदान गरेका हुन्।

तानसेन नगरपालिकाका नगरप्रमुख सन्तोषलाल श्रेष्ठ, जिल्ला समन्वय समितिका उप-प्रमुख काशिका गैरे, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजेशकुमार अर्याल, विद्यालयका प्रधानाध्यापक मोहनप्रसाद सापकोटा, आइएसओ विद्यालयका संयोजक जीवन आचार्यलाई कान्सिलका नेपाल प्रतिनिधि शर्माले विद्यालयलाई आइएसओ सर्टिफाइड लोगो प्रदान गरेका हुन्।

लोगो पाएसँगै अब दमकडा माविले आगामी तीन वर्षभित्र बाँकी तीन सय सूचकहरु पूरा गरी, ती सूचकहरुलाई व्यवस्थापन प्रणालीमा स्थायी रूपमा लागू गरी पूर्ण आइएसओ सर्टिफाइड विद्यालयको रूपमा घोषणा हुने बाटो खुलेको छ।

ग्लोबल क्वालिटी काउन्सीलले तोकेका ५१ सूचकहरु विद्यालयसंग जोडिएका, स्थानीय सरकार, अभिभावक, विद्यार्थी, शिक्षक, कर्मचारीको व्यवस्थापन प्रणालीको गुणस्तरलाई मापन र सुधार गर्ने विषयमा केन्द्रीय विषयबस्तुहरु रहेका छन्। विद्यालयले लामो समयदेखि कक्षा १ देखि १२ सम्म दृष्टिविहीन कक्षा, कक्षा ९ देखि १२ सम्म सिभिल ईञ्जिनेयरिङ्ग जस्ता विशेष कक्षा सञ्चालन गर्दै आएको छ। विद्यालयमा ९५० विद्यार्थी र ५० जना शिक्षक तथा कर्मचारीहरु रहेका छन्।

काउन्सीलले तोकेमा विषयबस्तुहरुमा कक्षाकोठाको भौतिक अवस्था, प्रविधि र शैक्षिक सामग्रीको उपलब्धता राम्रो हुनुपर्ने, पाठ्यक्रम कार्यान्वयन, निर्धारित पाठ्यक्रमको प्रभावकारी शिक्षण र सिकाइ प्रविधि प्रभावकारी हुनुपर्ने, मूल्याङ्कन प्रणालीः विद्यार्थीको मूल्याङ्कन विधि, नतिजा विश्लेषण र सुधारको रणनीति वैज्ञानिक हुनुपर्ने, भिजन र रणनीतिः विद्यालयको दीर्घकालीन लक्ष्य, दृष्टिकोण र गुणस्तर नीतिहरूको स्पष्टता हुनुपर्ने रहेका ती कार्यान्वयनमा रहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजेशकुमार अर्यालले बताए।

यसैगरी काउन्सीलले तोकेका अन्य सूचकहरुमा नेतृत्वको प्रतिबद्धताः व्यवस्थापन र शिक्षकहरूद्वारा गुणस्तर व्यवस्थापन प्रणालीको निरन्तर पालना गर्नुपर्ने, सरोकारवालाको सन्तुष्टिः विद्यार्थी, अभिभावक, शिक्षक र समुदायको सन्तुष्टि मापन र गुनासो सम्बोधन प्रणालीको व्यबस्था गर्नुपर्ने, शिक्षक तथा कर्मचारीको नियमित रुपमा दक्षता वृद्धिसंगै तालिम, व्यावसायिक विकास र कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्ने, पूर्वाधार तर्फ विद्यालय भवन तथा परिसर धुलो रहित बनाउनु पर्ने, डिजिटल पुस्तकालय, पर्याप्त मात्रामा विद्यलायमा प्रयोगशाला, खेल मैदान जस्ता भौतिक पूर्वाधारको अवस्था राम्रो हुनुपर्ने कुरा विद्यालयको तर्फबाट पुरा भएको विद्यालयका आइएसओ संयोजक जीवन आचार्यले बताए।

यसैगरी अन्य सूचकहरुमा विद्यालयमा नियमित रुपमा सूचना प्रविधिको प्रयोग गरी शिक्षण सिकाइ तथा आन्तरिक व्यवस्थापन गर्नुपर्ने, आन्तरिक लेखापरीक्षणबाट व्यवस्थापन प्रणालीको नियमित जाँच र कमजोरी पहिचानमा जोड दिएको हुनुपर्ने, मापन र विश्लेषणः शैक्षिक तथा प्रशासनिक कार्यसम्पादनको तथ्याङ्क विश्लेषण गर्नुपर्ने, निरन्तर सुधारको क्रममा पहिचान भएका कमजोरीहरूको आधारमा सुधारका कार्यक्रम लागू गर्ने प्रणालीको विकास भएको हुनुपर्ने जस्ता कुराहरु पूरा भएको विद्यालयका प्रधानाध्यापक मोहनप्रसाद सापकोटाले बताए।

लोगो प्राप्तिको यो प्रक्रियाले विद्यालयको प्रशासनिक र शैक्षिक प्रक्रियाहरूलाई अन्तर्राष्ट्रिय मापदण्डमा ढाल्न सहयोग पुगेको छ। अबको तीन वर्षको अवधिमा विद्यालयले ती ३५१ सूचकहरूलाई दैनिक कार्यसम्पादनको अभिन्न अङ्ग बनाउँदै गुणस्तर व्यवस्थापन प्रणालीलाई पूर्ण रूपमा संस्थागत गर्नेछ। यो अवधीमा विद्यालयले कक्षा ५, कक्षा ८ र एसईईमा शतप्रतिशत नतिजा ल्याउनु पर्नेछ।

विद्यालय पूर्ण घोषणा भएपछि दमकडा नमूना मावि पाल्पा जिल्लाकै उत्कृष्ट मात्र नभई देशकै नमूना गुणस्तरीय शैक्षिक संस्थाको रूपमा स्थापित हुने अपेक्षा गरिएको छ।

दमकडा नमूना माध्यमिक विद्यालयलाई आइएसओ सर्टिफाइड लोगो प्रदान गरिनुले शैक्षिक व्यवस्थापनमा नेपालका सामुदायिक विद्यालयहरू पनि अन्तर्राष्ट्रियस्तरको गुणस्तर कायम गर्न सक्षम छन् भन्ने सन्देश दिएको छ। विद्यालयको यो उपलब्धिले विद्यालय, शिक्षक, विद्यार्थी र अभिभावक, अन्य प्रतिष्पर्धी विद्यालयहरुलाई गुणस्तरीय शिक्षाका लागि थप उत्साहित बनाएको छ।

# कबड्डी र क्रिकेटको उपाधि न्यू होराइजनलाई




बुटवल। बुटवलमा सञ्चालित अन्तर विद्यालयस्तरीय कबड्डी प्रतियोगितामा छात्र र छात्रा दुवैतर्फ न्यू होराइजन अङ्ग्रेजी आवासिय मावि बुटवल प्रथम भएको छ। मंगलबार भएको फाइनलमा छात्रातर्फ होराइजनले कालिका मानवज्ञान माविलाई पराजित गरेको हो भने छात्रतर्फ दीप बोर्डिङ बुटवललाई पराजित गर्दै प्रथम भएको हो।

छात्रातर्फ अक्सफोर्ड मावि बुटवल र इडन बोर्डिङ तेस्रो भएका छन्। यस्तै छात्र तर्फ नवीन मावि र गार्गी एकेडेमी तेस्रो भएका प्रतियोगिता संयोजक शेरजंग गुरुङले जानकारी दिए।

तीन दिनसम्म चलेको प्रतियोगितामा छात्रतर्फ १७ र छात्रातर्फ १४ विद्यालय सहभागी भएका नगर खेलकुद विकास समिति अध्यक्ष बोनिन पियाले बताए। प्रतियोगितामा प्रथम दोस्रो र तेस्रो हुने विद्यालयलाई क्रमशः समान २० हजार, १० हजार र ५ हजार नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको छ। यस्तै भैरहवामा सम्पन्न स्वर्गीय शेरबहादुर सेन्चुरी स्मृति अन्तरविद्यालय टी-२० क्रिकेट प्रतियोगिताको उपाधि न्यु होराइजन स्कूल, बुटवलले हात पारेको छ। मंगलबार भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको फाइनल खेलमा रूपन्देही लीलाराम न्यौपाने मावि, भैरहवालाई ५ रनले पराजित गर्दै होराइजनले उपाधि हात पारेको हो।

उपाधिसँगै न्यू होराइजनले नगद ५० हजार र उपविजेतामा चित्त बुझाएको लीलारामले २५ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्यो।

# कालिका कप सुरु

बुटवल। कालिका मानवज्ञान माविको ६५औं वार्षिक उत्सवको अवसरमा आयोजना गरिएको जिल्लास्तरीय कालिका कप-२०८२ सुरु भएको छ। मंगलबार सेक्टर १ कालिका नगरमा भव्यव समारोहको आयोजना गरी कालिका कप सुरुवात गरिएको हो।

कार्यक्रममा बोल्दै नगर खेलकुद विकास समितिका अध्यक्ष बोनिन पियाले शैक्षिक क्षेत्रमा मात्र नभई खेलकुद क्षेत्रमा समेत कालिका अग्रस्थानमा रहेको बताए। विद्यालयका प्रधानाध्यापक दिनेश थापाले वार्षिक उत्सव ५ गतेसम्म विभिन्न खेलकुद एवं रचनात्मक कार्यक्रमको आयोजना गरिने र ६ र ७ गते छात्रवृत्ति वितरणसहितका मुल समारोह ७ गते आयोजना गर्न लागिएको बताएका थिए। कालिका कपअन्तर्गत भलिबल, कबड्डी (छात्र,छात्रा)का खेलहरु हुनेछन्।

कालिका कप प्रतियोगिताका सवै खेलहरु विद्यालयको सेक्टर १ मा हुने विद्यालयले जनाएको छ। भलिबल र कबड्डी पुस २ देखि ५ गते सम्म चल्नेछ। त्यस्तै पुस ४ गते स्व. शेर बहादुर गुरुङ्ग स्मृति अक्षयकोष जिल्लास्तरीय कविता प्रतियोगिता र स्व. मन्दिरा गलामी स्मृति अक्षयकोष सिङ्गिङ आइडल प्रतियोगिता हुनेछ। पुस ६ गते विभिन्न शीर्षकका अक्षयकोषबाट छात्रवृत्ति पुरस्कार वितरण समारोह, विद्यार्थी सम्मान र अन्तर विद्यालय ५ हजार मिटर दौड प्रतियोगिता हुनेछ।

मुल समारोहका दिन विभिन्न सांस्कृतिक कार्यक्रमहरु, विज्ञान प्रविधि, ललित कला प्रदर्शनी, शिक्षक कर्मचारी पुरस्कार वितरण कार्यक्रमको आयोजना गरिएको विद्यालयले जनाएको छ। पहिलो दिन विद्यालयमा ६ हजार विद्यार्थीले एक साथ पिटी प्रदर्शन गरेका थिए।

# महिला जेसीजद्वारा कंक्रिट बेञ्च हस्तान्तरण




परासी। रामग्राम महिला जेसीज परासीले धार्मिक क्षेत्रमा कंक्रिट बेञ्च हस्तान्तरण गरेको छ। जेसीजले रामग्राम नगरपालिका वडा नं. ६ पोखरापालीमा अवस्थिति रहेको धार्मिक पर्यटकीय स्थल जौरहरी माई मन्दिरमा कंक्रिट बेञ्च हस्तान्तरण गरेको हो।

जेसीजले युवा नेतृत्व विकास, क्षमता वृद्धि मात्र नभई सामाजमा सामाजिक कार्य हेतु जौरही माई मन्दिरमा कंक्रिट बेञ्च राखिएको जेसीज वर्ष २०२५ की अध्यक्ष प्रिती अग्रहरिले जानकारी दिइन।

उनको अनुसार मन्दिरमा चार वटा कंक्रिट बेञ्च राखिएको छ। मन्दिरमा आउने श्रद्धालु एंव भक्तजन दर्शनको लागि आउनेहरुलाई बिसरामको लागि उक्त कंक्रिट बेञ्च राखिएको अग्रहरिले बताइन्। उनले भनिन्-'मन्दिरमा आउने दर्शनको लागि भक्तजनहरु सहज र यहाँ आउने आन्तरिक पर्यटकहरुलाई बस्न सजिलो होस् भन्ने हेतुले जेसीजले धार्मिक पर्यटकीयस्थल चयन गरी कंक्रिट बेञ्च राखिएको हो।'

हस्तारन्तरण कार्यक्रममा वडा नं. ६ का वडा अध्यक्ष विद्यासगार त्रिपाठीले जेसीजले जौरही माई मन्दिरलाई जुन किसीमको सहयोग गरी उदाहरणीय कार्य गरेको भन्दै महिला जेसीजलाई धन्यवाद दिएका थिए।

कार्यक्रममा रामग्राम नगरपालिकाको कार्यपालिका सदस्य अमृत जिसी, नेपाल जेसीजका पूर्व राष्ट्रिय उपाध्यक्ष सन्दीप अग्रहरि जेसीजका पूर्व अध्यक्ष राजकुमार रेश्मी, महिला जेसीजकी पूर्व अध्यक्ष प्रभा ज्ञवाली, निर्तमान अध्यक्ष बिनिता खड्का जेसीजकी महासचिव लक्ष्मी चौधरीलगायतले धारण राखेका थिए।

---

### भैरहवा...

उनीहरुले कतार चिडियाखानामा अबदेखि हात्ती स्याहार्ने माउतेलाई हात्तीको सबै आनीबानी सिकाएर फर्किने छन्। कतारको तापक्रम सामान्यतया ४५ डिग्री भन्दा माथि रहन्छ। हाल हात्ती हुर्कँदै गरेको चितवन निकुञ्जको मौसम सरहकै तापक्रममा त्यहाँ राख्ने व्यवस्था मिलाइएको छ।

कतारको चिडियाखानामा हात्तीलाई खुवाउने घाँस भारत वा नेपालबाट जहाजमा लैजाने व्यवस्था पनि कतार सरकारले मिलाएको छ। हात्तीलाई कतारको अलखोर जुमा राखिनेछ।

२२ वर्षदेखि माहुते पेसामा संलग्न ४४ वर्षीय बुद्धिलालले रुद्रकलीलाई ४ वर्षदेखि स्याहार्दै आएका हुन्। नौ वर्षअघि चितवन आएका पर्साका पाँचु पनि चार वर्षदेखि खगेन्द्रप्रसादको माहुते छन्।

हात्ती ओसारपसार गर्दा दुर्लभ तथा संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारलाई नियन्त्रण र व्यवस्थापन गर्ने अन्तर्राष्ट्रिय महासन्धि (साइटिस) को प्रावधान र प्रक्रिया आकर्षित भए पनि यी दुई हात्ती घरपालुवा हात्ती हुन्। हात्ती साइटिसको अनुसूची १ मा सूचीकृत प्रजाति हो। लोप हुने अवस्थामा पुगेका प्रजातिहरू यसमा समावेश छन्। यस सूचीमा रहेका जीव/जनावर, वनस्पतिको व्यापार नियन्त्रण गरिएको छ। तर अनुसन्धान, शैक्षिक प्रयोजन वा चिडियाखानामा राख्ने प्रयोजनका लागि ओसारपसार गर्न सकिन्छ। तर सम्बन्धित देशका व्यवस्थापन र वैज्ञानिक निकायको सिफारिसमा मात्र यो काम गर्न पाइने व्यवस्था छ।

### उपभोक्ता...

त्यस्तै दुई वटा स्कुल-कलेजबाट २ लाख ५५ हजार, डेरी प्रडक्ट २ लाख २५ हजार, मदिरा एवं सुर्तीजन्य क्षेत्र २ लाख ५ हजार, डिपार्टमेन्टल स्टोर २ लाख र निर्माण सामग्री क्षेत्र २ लाख ५ हजार रुपैयाँ जरिबाना असुल गरिएको विभागले जनाएको छ।

पछिल्लो समय विभागले बजार पारदर्शी बनाउन र उपभोक्तालाई ठगिनबाट जोगाउन एमआरपी सहितको लेबलले महत्त्वपूर्ण भूमिका खेल्ने भन्दै बजार अनुगमन तीव्र बनाएको छ। यसलाई अभियान नै बनाइएको र आगामी दिनमा पनि यो अनुगमन अझै तीव्र गतिमा अगाडि बढाउने विभागका निर्देशक आचार्य बताउँछन्।

विभागले दैनिक अनुगमन क्रममा कुनै उद्योग तथा फर्ममा कैफियत भेटिए ५ हजारदेखि ३ लाख रुपैयाँसम्म जरिबाना तिराउँदै आएको छ।

चैत २०८१ मा विभागले उपभोक्ता संरक्षण ऐन २०७५ को दफा ६ को उपदफा ३ बमोजिम उत्पादक आफूले उत्पादन गरेका वस्तु तथा पैठारी गरिएको वस्तु भए पैठारीकर्ताले बिक्री वितरण गरिने वस्तुमा सर्वसाधारणले बुझ्ने गरी नेपाली वा अंग्रेजी भाषामा अनिवार्य लेबल लगाउनुपर्ने कानुनी व्यवस्था रहेकाले सोही ऐनको दफा २१ बमोजिम वस्तु वा सेवाको मापदण्ड निर्धारण गर्ने मार्गदर्शन परिधिभित्र रहेर एमआरपी लगाउन भनेको थियो।

विभागले एमआरपी निर्धारण नगर्ने, एमआरपीभन्दा बढीमा वस्तु बिक्री गर्ने, तोकिएको गुणस्तर नभएको, लेबल उल्लेख नभएको, झुटा विज्ञापन गरेको पाइए, ढुवानी भाडा बढी असुल्ने, पसल-फर्ममा मूल्यसूची नराख्ने, मौज्दात विवरण नदेखाउने, अत्यावश्यक वस्तुको अनधिकृत सञ्चय गरी कृत्रिम अभाव सिर्जना गर्नेलाई उपभोक्ता संरक्षण ऐन २०७५ अनुसार कारबाही गर्ने गरेको छ।


**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३, ९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५, ९८००७६०६२२

# 'रिब्दीकोटको पर्यटन, पूर्वाधार र कृषिमा राम्रो लगानी छ'

२०७९ बैशाख ३० गते भएको स्थानीयतह निर्वाचनमा निर्वाचित भएका पालिकाका अध्यक्षहरुको अब १६ महिना कार्यकाल बाँकी रहेको छ। पालिका अध्यक्षहरुले निर्वाचित भएको चार वर्षको सेरोफेरोमा कतै राम्रा गरेका छन्, त कतै आलोचित भएका छन्। रिब्दीकोट गाउँपालिका पाल्पाका अध्यक्ष **नारायणबहादुर कार्की**सँग गाउँपालिकाको विकास निर्माणका विषयमा केन्द्रित रहेर लुम्बिनीकर्मी **कृष्ण पोखरेल**ले कुराकानी गरेका छन्।



नारायणबहादुर कार्की
अध्यक्ष
रिब्दीकोट गाउँपालिका

*» कार्यकाल ४ वर्ष पुग्न लाग्यो, घोषणपत्रका प्रतिबद्धताअनुसार काम भएका छन् ?*

निर्वाचनमा जनतासंग गरेको प्रतिबद्धताअनुसार नै काम गर्दै आएका छौँ। म निर्वाचित भएपछि कृषि, पर्यटन र यातायातको क्षेत्रमा प्राथमिकता दिएर, घोषणापत्र अनुसार काम गर्दै आएका छु। फेक, ख्याहा र ठिमुरे वडामा हामी निर्वाचित भएपछि १२ महिना यातायात सञ्चालन हुने गरी सडक स्तर उन्नति भएको छ। पालिकाको केन्द्रदेखि ८ वटै वडा कार्यालयसम्म १२ महिना यातायात सञ्चालन हुने गरी सडक स्तरउन्नति भएका छन्। वडा नं. ५ कुसुमखोला वडा कार्यालय नयाँ निर्माण भएको छ। अन्य ७ वटै वडा कार्यालयहरु भौतिक रुपमा सम्पन्न रहेका छन्। हार्थोकदेखि प्राथमिक स्वास्थ्य केन्द्रसम्म र पालिका केन्द्रसम्म जाने सडक पिच गरिएको छ।

प्याराफिटसहितको वडा नं. २ मा पालिकास्तरीय कोहल खेलमैदान निर्माण भएको छ। जलेश्वर क्षेत्र नयाँ धार्मिक पर्यटकीय गन्तव्यको रुपमा विकास भएको छ। जलेश्वर क्षेत्रलाई धार्मिक पर्यटकीय गन्तव्यको रुपमा शिवरात्रिको अवसरमा शिव पुराणको आयोजना गरेका छौँ। नयाँ साहसिक पर्यटक गन्तव्यको रुपमा ख्याहाको लिस्ने भिर सेल्फी डाँडाको विकास भएको छ। बतासे हुँदै कचल जोड्ने नयाँ सडक निर्माण भएको छ। कालीकागढी गुराँसे डाँडालाई पर्यटकीय गन्तव्यको रुपमा विकास गरेका छौँ। धुस्टुङ्ग, रिङसिङ डाँडालाई नयाँ पर्यटकीय गन्तव्यको रुपमा विकास भएको छ।

*» पालिकामा जनताको आयस्तर बढाउने गरी के काम गर्नुभएको छ ?*

पालिकाले पर्यटन, पूर्वाधार र कृषि क्षेत्रमा राम्रो लगानी गरेको छ। लगानीअनुसारको उपलब्धि हासिल भएको छ। अघिल्लो सरकारले बनाएको कृषि गोरेटोलाई हामीले राजमार्गको रुपमा विस्तार गरेका छौँ। अकबरे खुर्सानी, सुन्तला तथा तरकारी खेती, बाँझो जग्गा प्रयोगले रिब्दीकोटवासीको आय आर्जनमा वृद्धि भएको छ।

चालु आर्थिक वर्षदेखि पालिका भरी नै आयआर्जन बढाउन एक बोट सयको नोट अभियान सुरु गरेका छौँ। पालिकाभरी नै फलफूल र जडीबुटीको बगैंचा बनाउने वृहत् अभियान थालेका छौँ। पालिकाभित्र साविकका ७२ वटा वडालाई टोलमा रुपान्तरण गरेर, जहाँ जे उत्पादन हुन्छ, त्यसैको बगैंचा निर्माण गर्ने र जडीबुटी र फलफूल उत्पादन वृद्धि गर्ने अभियान पालिकाले सुरु गरेको छ। जसले जति सुकै धेरै बिरुवा लगाए पनि हुन्छ, बिरुवा गनेर प्रति बिरुवा एक सय रुपैयाँ पालिकाले अनुदान दिन्छ। बगैंचाको बिरुवाको लागि कृषकले ४ वर्ष निरन्तर पालिकाबाट अनुदान पाउने व्यवस्था गरेका छौं। जसले गर्दा पालिकाभित्र बाँझा रहेका खेतबारी, खरबारी, सार्वजनिक तथा सामुदायिक जग्गामा फलफूल र जडीबुटीको बगैंचा निर्माण गरेर रिब्दीकोटलाई समृद्ध बनाउने अभियानमा लागेका छौं। जसले गर्दा उत्पादन वृद्धि हुने र कृषकको आयआर्जनमा सुधार हुनेछ। यो कार्यक्रमको लागि पालिकाले चालु आ.व मा ४० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। पालिकाले माटो परीक्षण गरेर कृषकहरुलाई बाली बिरुवाको बारेमा सुझाव समेत दिएको छ। माटो परीक्षणको आधारमा पालिकाले सबैभन्दा उपयुक्त भएको बालीनाली फलफूल र जडीबुटीलाई सिफारिस गर्ने व्यवस्था पालिकाले मिलाएको छ।

*» पालिकाभित्र कृषि उत्पादनको अवस्था कस्तो छ ?*

हामी निर्वाचित भएर आएपछि पालिकाबाट बाहिरी क्षेत्रमा बिक्री हुँदै आएको परिणाम र मूल्यको तथ्याङ्क राख्ने व्यवस्था सुरु गऱ्यौ। जसबाट पालिकाबाट के-कती मात्रामा कृषि उत्पादन बाहिर निर्यात हुने गरेको छ भन्ने विवरण नीति नियम तथा कार्यक्रम बनाउन सजिलो भएको छ। हामी निर्वाचित भएर आएको अर्को वर्ष २३ करोड ६० लाख रुपैयाँको कृषि उत्पादन बिक्री भएको थियो भने अर्को वर्ष ३१ करोड ४ लाख र गत वर्ष ४० करोड रुपैयाँको कृषि उत्पादन बिक्री भएको छ। यो रेकर्ड ५० लाख रुपैयाँभन्दा माथिको हो। गाउँपालिकाले कृषि उत्पादन बिक्री दर १ अर्ब पुऱ्याउने लक्ष्यका साथ काम गर्दै आएको छ।

रिब्दीकोट भित्र कृषि तथा पशुपालन क्षेत्रमा ८ घण्टा काम गर्दा मासिक २५ हजार रुपैयाँ कमाउने वातावरण पालिकाले दिएको छ। कृषि उत्पादनमा महिला जनशक्तिको ठुलो आकर्षण रहेको छ। महिलाहरु कृषि उत्पादन, पशुपालन तथा फलफूल क्षेत्रमा निरन्तर लागेका छन्। हाल २५ हजार मासिक आम्दानी गर्ने कृषकले एक बोट सयको नोट कार्यक्रममा सहभागी भएर काम गरेमा मासिक १ लाख रुपैयाँ कमाउने वातावरण पालिकाले मिलाउँदै गएको छ। वडा नं. ५ को सइटोला, वडा नं. ७ को मैनादीका अधिकांश नागरिका अधिकांश समय बुटवल क्षेत्रमा बसी कारोबार गर्ने गरेका छन, तर वर्षमा तीन, चार पटक गाउँमा आएर सुन्तला लगाउँदा वार्षिक १८ लाख रुपैयाँसम्म आम्दानी गर्दै आएका छन्, त्यसैले पनि बगैंचा कार्यक्रम बनाउन खोजिएको हो। विभिन्न पालिकाबाट कृषि उत्पादनको सिको गर्न रिब्दीकोटमा कृषि भ्रमण समेत आउने गरेका छन्, जसले गर्दा रिब्दीकोटमा कृषि पर्यटन विस्तार भएको छ। कृषि क्षेत्रमा मैले घोषणपत्रमा गरेको प्रतिवद्धता अनुसार नै काम भएको छ।

*» घोषणपत्र अनुसार शिक्षा क्षेत्रमा के-कस्तो काम गर्नुभयो ?*

शिक्षा क्षेत्रमा सोंचे अनुरुप काम गर्न निरन्तर लागेको छु, तर पूर्ण सफलता पाउन सकेको छैन। हामीले बुटवल, तानसेनलगायत बाहिरी क्षेत्र बाट समेत पढ्न आउने वातावरण सहितको विग स्कुलको कन्सेप्ट ल्याएका थियौं, बजेट पनि विनियोजन गरेका थियौं, तर जनतामा बुझाइको कमी, विभिन्न प्राविधिक कठिनाइ तथा अवरोधका कारण काम गर्न सकिएको छैन। गुणस्तरीय शिक्षाको नाममा भइरहेको बसाईसराइ रोक्न प्रयास गरेका छौं। हामी निर्वाचित भएर आउँदा शिक्षाको गुणस्तर सिकाइ उपलब्धि २० प्रतिशत मात्र थियो, तर अहिले हामीले बढाएर ५८ प्रतिशतसम्म पुऱ्याएका छौं। शिक्षामा गुणस्तर सुधारको लागि पालिकाले प्रधानाध्यापकसँग कार्य सम्पादन सम्झौता समेत गरेको छ।

*» पालिकामा स्वास्थ्य क्षेत्रमा के-कस्ता काम भएका छन् ?*

स्वास्थ्य क्षेत्रमा संघीय सरकार, प्रदेश सरकारले दिएका सबै प्रोटोकल पुरा गरेका छौं। जसको कारण पालिकाको स्वास्थ्य क्षेत्रमा व्यापक सुधार भएको छ। समय-समयमा पालिकाभित्र विशेषज्ञ सेवा सञ्चालन गरेका छौं। पालिकामा निःशुल्क आँखा चेकजाँच कार्यक्रम सञ्चालन गरी सबै जनतालाई सेवा दियौ। जसमा रिब्दीकोटका ११ हजार जनाले निःशुल्क आँखा परीक्षण गरेका छन्। यो वर्ष निःशुल्क दाँत उपचार सेवा सञ्चालन गर्दैछौं। विगतमा महिलाको पाठेघरमुखको क्यान्सर परीक्षण गरेका थियौं। यी सबै कार्यक्रम पालिकाले निःशुल्क रुपमा सञ्चालन गरेको हो। पालिकाको ११ स्थानबाट दिएको स्वास्थ्य सेवा अहिले १५ स्थानबाट सञ्चालन हुँदै आएको छ। प्राथमिक स्वास्थ्य केन्द्र खस्यौलीलाई नेपाल भरीकै राम्रो प्राथमिक स्वास्थ्य केन्द्रको रुपमा बनाउन सफल भएका छौं।

पालिकाले आन्तरिक रुपमा बजेट विनियोजन गरेर नेपाल सरकारको लिष्टमा नभएका औषधि, ल्याव, थाइराइड सेवा, भिडियो एक्सरे, सुगर, व्लड प्रेशर जाँच जस्ता कार्यक्रम नागरिकहरुलाई निःशुल्क रुपमा प्रदान गर्दै आएको छ। पालिकाको सबै स्वास्थ्य चौकीमा सुत्केरी सेवा उपलब्ध छ भने, प्राथमिक स्वास्थ्य केन्द खस्यौली, कुसुमखोला स्वास्थ्य चौकी र पालुङ मैनादी स्वास्थ्य चौकीमा ल्यावसहित २४ घण्टे सेवा उपलब्ध छ। पालिकाभित्र ३ वटा एम्बुलेन्सबाट सुत्केरी महिला र वृद्ध वृद्धालाई निःशुल्क सेवा रहेको छ।

*» पालिकामा सुशासनको अवस्था कस्तो छ ?*

विगतमा एउटा गाउँसभा सम्पन्न गर्न १५ लाख रुपैयाँसम्म खर्च हुँदै आएकोमा अहिले ५ देखि ६ लाख रुपैयाँसम्म गाउँसभा सम्पन्न हुने गरेको छ। फजुल खर्च कटौती तथा सेवा प्रवाहमा प्राथमिकता दिएर काम भएको छ। नागरिकले पालिका तथा वडा कार्यालयमा आउने बित्तिकै सेवा पाउनु पर्ने, सेवा नपाएको खण्डमा के कारणले नभएको हो तत्काल जानकारी दिनुपर्ने व्यवस्था मिलाएको छ। उपभोक्ताहरुलाई विभिन्न तालिमहरु प्रदान गरी भएका योजना गुणस्तरीय बनाउन ध्यान दिएका छौं। डिजिटल सिफारिस, घरमै बसेर कर तथा राजस्व बुझाउन मिल्ने, गरी सेवा दिएका छौं। यस क्षेत्रमै पहिलो आइएसओ सर्टिफाइड पालिका रिब्दीकोटलाई बनाएका छौं। अव हामीले घर-घर बाटै पालिका तथा वडाको सेवा लिन सकिन्छ भनेर प्रचार तथा जानकारी गराउने अभियान आइटी शेक्टरबाट सुरु गर्दैछौं।

*» निर्वाचित भएपछि म बनाउँछु मेरो रिब्दीकोट अभियान थाल्नु भएको थियो। अहिले अभियान त सेलाएको हो ?*

म बनाउँछु मेरो रिव्दीकोट अभियानले सुरु सुरुका समयमा पालिकाभित्र स्वतःस्फुर्त रुपमा मानिसहरु निकै सक्रिय भएर सहभागी भए। करीव दुई वर्षसम्म यो अभियानबाट राम्रै काम भए। बाटो, घाटो सरसफाइ देखि कार्यालयहरुको सरसफाइ यही अभियानअन्तरगत भए। मानिसमा निकै उत्साह पनि देखियो। हार्थोक बतासे सडकमा खाल्टा खुल्टी पुर्नेदेखि बतासेमा विशेषज्ञसहितको स्वास्थ्य शिविर, नियमित रुपमा पालिकाभित्रका कार्यालयहरुको सरसफाइ जस्ता कार्यक्रम म बनाउँछु मेरो रिब्दीकोट व्यानरमै पालिकाको खर्च विना निःशुल्क रुपमा भए। पछिल्लो समय निःशुल्क सामाजिक सेवामा जनताको पर्याप्त साथ पाउन सकिएको छैन। खासगरी निर्वाचित जनप्रतिनिधिले काम गर्न चाहे पनि स्थानीय सत्ता, टोल टोलका सत्ताबाट पर्याप्त सहयोग नपाउँदा म बनाउँछु मेरो रिब्दीकोट अभियान आंशिक रुपमा मात्र सफल भयो। अहिले वडा र पालिकामा महिना एक पटक हुँदै आएको छ। यो अभियान पालिकालाई नै राम्रो बनाउने अभियान हो। यसमा सबैले साथ दिनु पर्दछ। मेरो रिब्दीकोट, मेरा गर्व, मेरो स्वर्ग,। खनौ आफ्नो माटो, छाडौ विदेशको बाटो जस्ता अभियान पालिका सञ्चालन हुँदै आएका छन्। यस्ता अभियानलाई सफल बनाउँदा, पालिका नै सफल हुन्छ।

*» यस्ता राम्रा अभियाना त तपाईंको कार्यकाल सकिएपछि हराएर जान्छन् होला ?*

संस्था तथा सरकारमा व्यक्तिहरु आउने जाने भइरहन्छ, तर सरकार निरन्तर चलिरहन्छ, त्यसैले हामीले अघिल्लो सरकारले सञ्चालन गरेका राम्रा कामहरुलाई फ्लोअप गर्दै कार्यान्वयन गर्दै आएका छौं। यसैगरी मैले सञ्चालन गरेका राम्रा कामहरु आउने सरकारले निरन्तरता दिनुपर्दछ। तब मात्र जनताले दिगो विकास पाउने छन्। अकबरे खुर्सानी अघिल्लो सरकारले गरेको भए पनि हामीले निरन्तरता दियौ, तर हामीले पहल गरेर गत वर्ष २२० रुपैयाँ मूल्य कायम गराएर किसानहरुमा उत्साह जगायौं। किसान उत्साहित भएर अहिले पालिका भरी अकबरे खुर्सानीको व्यवसायिक खेती गर्दै आएका छन्। हामीले हेटौडा पुगेर गुणस्तरीय बिउ ल्याई खुर्सानी नर्सरी बनाएर ५० प्रतिशत अनुदानमा वितरण गरेका थियौं। अकबरे खुर्सानीले कृषकको राम्रो आम्दानी बढेपछि अहिले स्वतःस्फूर्त रुपमा खुर्सानी खेती कृषकको उत्साह वृद्धि भएको छ।

*» पालिकाभित्र बाँझा जग्गाको व्यवस्थापन कसरी गर्नु भएको छ ?*

पालिका बाँझो जमिन व्यवस्थापनमा लागिपरेको छ। बाँझा रहेका जग्गा जमिन पालिकाले १५ वर्षे लिजमा लिने र उक्त स्थानमा कृषि तथा पशु फार्म सञ्चालन गर्ने योजना पालिकाको रहेको छ। त्यसको लागि बाँझो जग्गा जमिन अवस्था संकलनको काम भइरहेको छ। पालिकाले कार्यविधि बनाएर नीति गत निर्णय नै गरेर बाँझो जग्गा संकलन अभियानमा लागेको छ। हामी आएपछि ८ सय रोपनी बाँझो जग्गामा खेती गर्न सफल भएका छौं। बाँझो बारी प्रयोगमा आए पनि खरबारी, पुराना खरिया, खेतहरु अझै अधिकांश स्थानमा बाँझा रहेको ती जग्गा हरु अझैं पनि प्रयोगमा ल्याउन सकिएको छैन। एक बोट सयको नोट अभियानबाट बाँझो जमिन प्रयोगमा ल्याउन सकिनेमा पालिका विश्वस्त रहेको छ।

*» पालिकाले दिएको अनुदानले कृषि पशुपालनमा के-कस्तो प्रभाव परेको छ ?*

अहिले पालिकाले दूधमा प्रतिलिटर ३ रुपैयाँ, यान्त्रीकरणमा ५० प्रतिशत, घरयासी क्षेत्रमा प्रयोग हुने कुटानी पिसानीको लागि ५० प्रतिशत अनुदान, पालिकाभित्र गोरु पाल्ने किसानहरुलाई ५ हजारसम्मको अनुदान, ५० प्रतिशत रकममा आलु, गहुँ, र धानको बिउ वितरण भएको छ। प्रशस्त अनुदान दिँदा पनि कृषि पशुपालनमा अझैं पनि युवाको आकर्षण बढेको छैन। मिनि टिलर, बंगुर, बाख्रा, भैंसीमा पनि अनुदान सहयोग गर्दै आएका छौं। पालिकाले बेमौसमी तरकारी खेतीको लागि टनेल निर्माण अभियान चलाएको छ। टनेल निर्माणमा पालिकाले ७० प्रतिशत अनुदान दिएको छ। १७८ वटा स्थायी प्रकतिका टनेल निर्माण गरेका छौं, एउटा टनेल बनाउँदा रु १ लाख रुपैयाँ खर्च हुने गरेको छ। २ सय वटा अस्थायी टनेल निर्माण भएको छ। कृषि क्षेत्रमा पालिकाले देखिने गरी नै परिवर्तन गरेको छ। टनेलभित्र टमाटर, लहरे तरकारी राम्रोसँग फल देखिएको छ। किसानले आवश्यकता अनुसार मागेकोमा पालिकाले सहयोग गर्दै आएको छ। कृषि अनुदानले कृषि उत्पादनमा उत्साह बढाएको छ भने उत्पादनको तथ्याङ्क संकलन गर्न सजिलो भएको छ।

*» अहिले जताततै रासायनिक मल र विषादीको बिगबिगी छ, जसको कारण नसर्ने रोगको वृद्धि भएको छ। यसको व्यवस्थापन कसरी गर्नु भएको छ ?*

पालिकाले अर्गानिक उत्पादनमा बढी ध्यान लगाएको छ भने हरेक क्षेत्रको उत्पादन अर्गानिक बनाउन लागेको छ। पालिकाले वडा नं. ५ जलेश्वरमा जैविक मल उत्पादन कारखाना नै सञ्चालन गरेको छ। उत्पादित मललाई पालिकाभित्रका कृषकहरुलाई पहिलो प्राथमिकतामा राखेर बिक्री गर्दै आएका छौं।

*» के रिब्दीकोटवासीले खानेपानीको सहज सुविधा पाएका छन् ?*

पालिकामा ९६ प्रतिशत जनताले खानेपानीको सुविधा पाएका छन्। लिफ्ट र ग्रावेटी फ्लोको आधारमा एक घर एक धारा कार्यक्रम अधिकांश गाउँबस्तीमा पुगेको छ। म निर्वाचित भएर आएपछि लिफ्टिङ् खानेपानी ८ वटा खानेपानी योजना सम्पन्न भएका छन्।

*» पालिकाभित्रका कृषकलाई सिँचाइको सुविधा कस्तो छ ?*

सिँचाइ पाइप पालिकाले कृषकको आवश्यकता, माग र चाहानाअनुसार वितरण गर्दै आएको छ। गाउँपालिकाको अधिकांश क्षेत्र पखेरो क्षेत्र भएकोले सोंचेअनुसारको सिँचाइमा परिवर्तन आएको छैन। पछिल्लो समय पानीका मुहान र श्रोतहरु सुक्दै गएका छन्। हाल वडा नं. ७ मा ठुलो लगानीमा सिँचाइ योजना बनेको छ। किसानहरुलाई लिफ्ट प्रणालीलाई सिँचाइ महँगो परेको छ। खेतबारीमा लाग्ने परम्परागत कुलालाई पक्की गर्ने काम भएका छन्।

*» पालिकाको आन्तरिक आम्दानीको अवस्था के छ ?*

पालिकामा नदीजन्य उत्पादनलगायतका संरचना नभएकोले करको दायरा फराकिलो बनाइएको छ। करको दायरा फराकिलो गरिएकोले विगतमा भन्दा राम्रो आम्दानी भएको छ। हामी आउँदा आन्तरिक आम्दानी ४९ लाख थियो भने हाल ९३ लाख रुपैयाँ संकलन गर्न सफल भएका छौं। संभाव्य अध्ययन गरेर कुन-कुन क्षेत्रबाट आम्दानी बढाउन सकिन्छ भनेर छलफल गरी नीति कार्यक्रम बनाएर कार्यान्वयन गरेका छौं। एक ट्याक्टर ढुंगाको आम्दानी रु ६ सय रुपैयाँ तोकिएको छ, जसबाट पनि राम्रो आम्दानी भएको छ। भैरवस्थान पार्किङ्बाट राम्रो आम्दानी गर्न सफल भएका छौं। संघ, प्रदेशसँग कानुन नहुने, हामीले बनाएको राष्ट्रिय प्रकृतिको रिब्दीकोट उद्योग विकास प्राधिकरण सञ्चालन गर्न दिएको खण्डमा पालिकाको कायापलट हुने गरी राम्रो आम्दानी हुने अवस्था रहेको छ।

*» रिब्दीकोटमा आएर लगानी गर्ने लगानीकर्ताको लागि पालिकाले कस्तो नीति लिएको छ ?*

रिब्दीकोटमा कृषि, पर्यटन तथा पशुपालनमै लगानी गर्दा लगानीकर्ताले उचित प्रतिफल पाउन सक्ने वातावरण निर्माण भएको छ। हामीले कृपया नीति लिएर काम गरेका छौं। कृषि, पर्यटन र यातायात। लगानीकर्ताले पालिकाभित्र कुनै ठुलो होटल रिसोर्ट खोल्न चाहाना भए बाटो, खानेपानीको सुविधा उपलब्ध गराउने, कृषि फार्मको लागि १०० रोपनीसम्म एउटै प्लटको जग्गा व्यवस्थापन गरिदिने व्यवस्था रहेको छ।

*» १६ महिनाको कार्यकाल बाँकी रहँदा सोंचेका कामहरु पूरा गर्न के के बाँकी छन् ? कस्तो अवस्थामा आउने जनप्रतिनिधिलाई रिब्दीकोट हस्तान्तरण गर्नुहुन्छ ?*

सबैभन्दा चुनौती भनेकै पालिकाबाट बसाईसराइ रोक्नु नै रहेको छ। गाउँबस्तिमा कृषि पशुपालन क्षेत्रबाट राम्रो आम्दानी भए पनि बसाईसराइ रोक्न सकिएको छैन। बिग स्कुल कन्सेप्ट पूर्णरुपमा कार्यान्वयन गर्न सकिएको छैन। गाउँपालिकाभित्रको उत्पादन तथा खानपानलाई पूर्णरुपमा अर्गानिक बनाउन सकिएको छैन। अहिले रिब्दीकोटमा जग्गा किनबेच रोकिएको छ। तर स्थाई प्रकृतिको मानिसको बसाई रोक्न सकिएको छैन। बाँझो जग्गादेखि सार्वजनिक जग्गामा खेतीपातिको अभियानामा लागेको छौं। पालिकाभित्र धैरै स्थान पर्यटकीय स्थलहरु छन्, अधिकांश स्थानबाट हिमालहरु देखिन्छ। कम्तीमा पनि दुई/तीन वटा फाइभ स्टार होटल सञ्चालन गर्नको लागि पहल गरेका छौं। पर्यटकको लागि धुष्टुङ्ग, कालीकागढी, लघुवा, ख्याहा, खस्यौली, भैरवस्थान जस्ता स्थानमा निकै उपयुक्त रहेका छन्। बुटवलबाट ४५ मिनेटमा रिब्दीकोट आउने गरी सडक पूर्वाधार तयार हुँदै गएको छ।

*» तपाईंको बुझाइमा विकास भनेको के हो ?*

विकास भनेकै सकारात्मक सोंच हो। जनता, नेता, कर्मचारी सबैको हरेक कामप्रति सकारात्म सोंच र चिन्तन भएमा विकास निर्माणमा नेपालले फड्को मार्ने अवस्था देखिन्छ।

*» तपाईंले गर्न नसकेको काम के के छन् ?*

पालिकाले रिब्दीकोट उद्योग विकास प्राधिकरण ल्याएको थियो। प्राधिकरणलाई चाहिने ऐन, नियम कानुन बनाएर काम गर्न खोजिएको थियो। १० प्रतिशत पालिका र ९० प्रतिशत जनताको शेयर हालेर। जहाँ जे सम्भावना हुन्छ, त्यसैमा लगानी गर्ने पालिकामा भएको रकम पालिकामै प्रयोग गर्ने गरी पालिकाले कानुन बनाएर संघीय सरकारसँग अनुमती लिन जाँदा संघीय नियम नै बनेको छैन भनी कार्यान्वयन गर्न पाएनौ। पालिकाले ल्याएको यो नीति कार्यान्वयन गर्न पाएको भए संघीय सरकारको अनुदान पालिकाले आश गर्नुपर्ने अवस्था रहने थिएन। निर्वाचनको समयमा सबै काम गर्न सकिन्छ, नमूना पालिका बनाउँछु भन्ने थियो, तर ऐन, नियम, कानुन, स्थानीय सत्ताको कारण केही महत्वपूर्ण योजनाहरु कार्यान्वयन गर्न कठिनाइ भयो।

## लुम्बिनी केबलकार दुई दिन बन्द



बुटवल। नियमित मर्मत सम्भारका लागि लुम्बिनी केबलकार दुई दिन बन्द हुने भएको छ।

केबलकार कम्पनीले एक सूचना जारी गर्दै पुस २ र ३ गते केबलकारको सेवा सञ्चालन नहुने सर्वसाधारणमा जानकारी गराएको हो। हरेक ४-४ महिनामा मर्मत सम्भार गर्नुपर्ने तालिका अनुसार मर्मत सम्भारका लागि दुई दिन सेवा बन्द रहने कम्पनीका अपरेसन म्यानेजर डिएन कायस्थले जानकारी दिए।

'केही समस्या भएर वा बिग्रेर नभई अष्ट्रियन कम्पनी डुपलमायरको नियम अनुसार केबलकारलाई सधैं ठीक राख्न र सुरक्षित बनाउन तालिकामा तलमाथि नगरी मर्मत गर्ने गरेका छौं।'-अपरेसन म्याजेनर कायस्थले भने। पुस ४ गते बिहान ९ बजेबाट सेवा पूर्ववतरुपमा सुचारु हुने कम्पनीले जनाएको छ।

आइएमई ग्रुपको नेतृत्वमा स्थानीय समेतको लगानीमा निर्माण भई २०८० जेठ १५ गतेबाट सञ्चालनमा आएको लुम्बिनी केबलकार लुम्बिनी प्रदेशको पहिलो केबलकार हो। सय वर्ष पुरानो इतिहास भएको विश्वविख्यात डुपलमायर कम्पनीबाट निर्मित अत्याधुनिक प्रविधिका केबलकार विश्वका विभिन्न देशमा १५ हजार बढी संख्यामा सञ्चालनमा छन्।

डुपलमायरले यात्रुको सुरक्षालाई सधैं पहिलो प्राथमिकतामा राखेर आफ्ना केबलकार चलेका कम्पनीहरुलाई मर्मत सम्भारको समय तालिकामा कुनै सम्झौता नगर्न निरन्तर निगरानी र निर्देशन गर्दछ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधैं हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

मतदानमा सहभागी बनौं।
- मतदान गर्नु नागरिकको अधिकार र कर्तव्य हो।
- मतदाताको अधिकारलाई जिम्मेवारीपूर्वक निर्वाह गरौं।
- मतदाता नामावलीमा आफ्नो नाम दर्ता भए नभएको एकिन गरौं।
- मतदान स्थल, केन्द्र र समयको बारेमा जानकारी राखौं।
- मतदान गर्न जाँदा मतदाता परिचयपत्र अनिवार्य रुपमा लिएर जाऔं।
- दबाब र प्रभावमा परी मतदान नगरौं।
- व्यक्तिगत विवेकका आधारमा मतदान गरौं।
- अस्वस्थ, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई मतदान केन्द्रसम्म पुग्न सहयोग गरौं।
- सामाजिक सद्भाव, शान्ति र सुरक्षित वातावरण कायम गरी मतदान गरौं।
- राष्ट्रिय हित, विकास र सुशासनका पक्षमा योग्य प्रतिनिधि छानौं।
नेपाल सरकार विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com